प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर
नेपाल
Email:addhetaudap3@gmail.com

पत्र संख्याः ०७७/७८

मितिः २०७७/१०/११

चलानी नं. ६९१

विषय : कृषि विकास निर्देशनालय बाट प्रकाशित सूचनाको जानकारी सम्वन्धमा ।

श्री स्थानिय निकाय हरु,
बागमती प्रदेश ।

उपरोक्त सम्बन्धमा यही मिति २०७७/१०/१० (प्रथम पटक प्रकाशित मिति २०७७/०९/०५) गतेको कान्तिपुर पत्रिकामा दोश्रो पटक प्रकाशित कृषि विकास कार्यक्रम अन्तरगत "स्थानिय तह/सहकारी/समुह/नीजि क्षेत्रको ५०% लागत साझेदारीमा फेब्रिकेटेड कोल्ड च्याम्बर (१५ मे.टन भन्दा माथी)" निर्माण कार्यक्रममा सहभागी हुन आह्वान गरिएको यसैपत्र साथ सूचना तहाँ कार्यालयका सेवा ग्राहि साथै सर्वसाधारण जनता समक्ष सहज रुपमा पुर्याउनको लागि प्रचार प्रसार गरी तथा तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सहयोग गरिदिनु हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

रविन्द्र वहादुर प्रधान
(प्रमुख)

रविन्द्र बहादुर प्रधान
प्रमुख
अधिकृत स्तर एघारौं (प्रा.)

शनिबारको
कान्तिपुर

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

# कृषि विकास निर्देशनालय

**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना

दोश्रो प्रथम पटक सुचना प्रकाशन मिति: २०७७/१०/१०

कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व. २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार "स्थानिय तह/सहकारी/समूह/नीजि क्षेत्रको ५०% लागत साझेदारीमा प्रति इकाई अधिकतम रकम रु. ११,७६,०००।०० (अक्षेरुपी एघार लाख छयहत्तर हजार रुपैया मात्र) मा फेब्रिकेटेड कोल्ड च्याम्वर (१५ मे.टन भन्दा माथी)" निर्माण गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक **कृषक समूह, कृषि सहकारी, नीजि क्षेत्र र स्थानीय तहले "कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७६"** बमोजिम सूचना प्रकाशनको मितिले १५ दिन (मिति: २०७७/१०/२४ गते) भित्र फेब्रिकेटेड कोल्ड च्याम्बरको क्षमता स्पष्ट खुलाई तपसिलका कागजात सहित कृषि विकास निर्देशनालयमा आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**कार्यक्रमको विवरण:**

| क्र.स. | कार्यक्रम लागु हुने स्थान | |
|---|---|---|
| | जिल्ला | स्थानिय तह |
| १ | काठमाण्डौ | चन्द्रागिरी न.पा., बुढानिलकण्ठ न.पा.-१३, |
| २ | भक्तपुर | चाँगुनारायण न.पा.-१ |
| ३ | ललितपुर | गोदावरी न.पा., महालक्ष्मी न.पा., |
| ४ | चितवन | रत्ननगर न.पा.-१३ |
| ५ | काभ्रे | पाँचखाल न.पा.-५, मन्डनदेउपुर न.पा., |
| ६ | सिन्धुपाल्चोक | बाह्रबिसे न.पा., मेलम्ची न.पा., लिसंखु पाखर गा.पा., |
| ७ | सिन्धुली | सुनकोशी गा.पा., कमलामाई न.पा., हरिहरपुर गढि गा.पा.-८ |
| ८ | रामेछाप | रामेछाप न.पा., गोकुलगंगा गा.पा. |
| ९ | दोलखा | गौरिशंकर गा.पा.- ५ |
| १० | रसुवा | कालिका गा.पा. राम्चे |
| ११ | नुवाकोट | बिदुर न.पा., बेलकोटगढी न.पा., ककनी गा.पा., किस्पाङ गा.पा., |
| १२ | धादिङ्ग | धुनिबेशि न.पा., गजुरी न.पा., ज्वालामुखी गा.पा., बेनीघाट रोराङ्ग गा.पा., त्रिपुरासुन्दरी गा.पा.मा संख्या २, |

नोट: त्रिपुरासुन्दरी गा.पा.मा जम्मा २ र अन्य तोकिएका स्थानियतह वा तोकिएको वडामा जम्मा १ वटा कार्यक्रम सञ्चालन हुने,

**तपसिल:**

१. कार्यविधिको अनुसूची ÷ २ अनुसारको आवेदन,
२. कार्यविधिको अनुसूची ÷ २ अनुसार माग गरिएका कागजपत्रहरु,
✓ संस्था दर्ताको प्रमाण पत्र तथा VAT/PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
✓ समुह/सहकारी,नीजी फर्मको प्रबन्धपत्र वा नियमावली वा उद्देश्य देखिने कागजातहरु,
✓ निर्माण गरिने जग्गा आवेदक संस्थाको नाममा भएको वा कम्तिमा १० बर्ष करार सम्झौता गरी भोगाधिकार गरिने कागजातको प्रमाणपत्र,
✓ कम्तिमा १० बर्ष सञ्चालन गर्नको लागि बैठकको निर्णय,
✓ सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरुका संस्थासंग कोल्डच्याम्बर/ कोल्ड स्टोरबाट दिने सेवा सम्बन्धि सम्झौता तथा शर्तहरु (वस्तु, परिमाण, समयावधि, दर आदि विषयहरु समेटिएको),
✓ स्थानीय तहको सिफारीस (सम्भव भएसम्म),
३. कार्यविधिको अनुसूची -३ अनुसारको व्यवसायिक प्रस्ताव,
४. कार्यविधिको अनुसूची -४ अनुसारको प्रतिवद्धता पत्र,
५. साझेदारको बैंक खातामा न्यूनतम ११,७६,०००।०० (अक्षेरुपी एघार लाख छयहत्तर हजार रुपैया मात्र) मौज्दात रहेको प्रमाण,

**पुनश्च:** सम्वन्धित कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश को बेवसाईट www.molmac.bagamati.gov.np वा कृषि बिकास निर्देशनालयको बेवसाईट www.doad.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ।